साक्षरता सीप र पठनप्रतिको रुचिसम्बन्धी हस्तक्षेप अध्ययन (LuKiva)

आदरणीय अभिभावक ज्यू,

तपाईंको बच्चालाई साक्षरता सीप र पठनप्रतिको रुचि सम्बन्धी हस्तक्षेप अध्ययन (Intervention study) मा सहभागी हुन निमन्त्रणा गरिएको छ। तपाईंका बच्चा आफ्नो प्रारम्भिक बाल शिक्षा वा पूर्व-प्राथमिक शिक्षा समूहको दैनिक गतिविधिहरूको अंशको रूपमा यो अध्ययनमा भाग लिने छन्। यो अध्ययन हेलसिंकी शहरको शिक्षा महाशाखा, आल्टो विश्वविद्यालय, ज्याभस्क्याला विश्वविद्यालय र टर्कु विश्वविद्यालयको सहकार्यमा गरिँदै छ।

1. यो अध्ययन केसँग सम्बन्धित छ?

यस अध्ययनले बालबालिकाहरूलाई पढाउँदा संवादात्मक पठन विधि प्रयोग गर्दा र अझै बढी पढेर सुनाउँदा उनीहरूको साक्षरता सीप र पठनप्रतिको रुचिलाई कसरी बढावा दिन्छ भन्ने कुरा अन्वेषण गर्ने छ। यसदौरना बालबालिकाका समूहको पठन अभ्यासको पनि समीक्षा गरिने छ।

हेलसिंकीमा रहेका प्रारम्भिक बाल शिक्षा र पूर्व-प्राथमिक शिक्षा केन्द्रहरू यो अध्ययनका सहभागीहरू हुन्। यी स्थानहरूलाई अनियमित रूपमा पाइलट (परीक्षण) स्थान र नियन्त्रण स्थान गरी दुई भागमा विभाजन गरिएको छ। यो अध्ययन जनवरी 2026 मा सुरु हुने छ र मे 2026 मा समाप्त हुने छ।

पाइलट स्थालमा 5-6 वर्ष उमेरका (सन् 2019 र 2020 मा जन्मेका) बालबालिका शिक्षकको नेतृत्वमा हुने संवाद विधि प्रयोग गरी गरिने पठन सत्रहरूमा हप्तामा दुई पटक भाग लिने छन्। यी पठन सत्रहरूले बालबालिकाहरूलाई प्रश्न सोध्न, सोच्न र आफ्ना विचारहरू आदान प्रदान गर्ने अवसर प्रदान गर्दै उनीहरूको साक्षरता सीप र पठनप्रतिको रुचि बलियो बनाउँछन्। यी सत्रबाहेक बालबालिकाहरूलाई अझ बढी अनौपचारिक वातावरणमा पढेर सुनाइन्छ। नियन्त्रण स्थानमा सामान्य तरिका नै प्रयोग गरी बालबालिकाको साक्षरता सीप विकास गर्ने प्रयास गरिन्छ। तपाईं आफ्नो बच्चा नियन्त्रण समूहमा छ की पाइलट समूहमा छ भन्ने जान्न चाहनुहुन्छ भने तपाईं आफ्नो बच्चाको शिक्षकलाई सोध्न सक्नुहुन्छ।

2. तपाईंको बच्चालाई अध्ययनमा भाग लिन किन निमन्त्रणा गरिएको हो?

यो अध्ययन हेलसिंकी शहरको वैधानिक गुणस्तर मूल्यांकन र विकास कार्यको एक हिस्सा हो। तपाईंको बच्चाको डे-केयर वा पूर्व-प्राथमिक शिक्षा स्थानलाई यस अध्ययमा सहभागी गराइएको छ। यो पत्र पाइलट र नियन्त्रण दुवै समूहका बालबालिकाका अभिभावकहरूलाई पठाइएको छ।

3. यो अध्ययनमा कस्ता खाले जानकारी संकलन गरिन्छ?

यो सर्वेक्षणले बाल मूल्यांकनमार्फत जानकारी संकलन गर्दछ। बाल मूल्यांकनमा बच्चाको परीक्षणबाट प्राप्त साक्षरतासम्बन्धी जानकारीका साथै शिक्षकले गरेको बच्चाको मूल्यांकन समावेश हुन्छ। बालबालिकाहरूले एक-एक गरेर शिक्षकसँग मिली साक्षरतासम्बन्धी गतिविधिहरू गर्ने छन्। शिक्षकले बच्चाको भाषा सीप, पठनप्रतिको रुचि, आत्म-नियमन सीप र पठन सत्रबाट उनीहरूको क्रियाकलापको मूल्यांकन गर्ने छन्। यसबाहेक बच्चाले सन् 2026 को वसन्त ऋतुमा कति वटा संवादात्मक पठन सत्रहरूमा भाग लिन्छन् भन्ने बारेमा पनि तथ्यांक संकलन गरिने छ।

4. संकलित जानकारीको प्रयोग कसरी गरिने छ?

टर्कु विश्वविद्यालयले हेलसिंकी शहरले प्रदान गरेको बालबालिकाको समूहसँग सम्बन्धित पृष्ठभूमि जानकारी र मूल्यांकनबाट प्राप्त जानकारी संयोजन गर्ने छ। त्यसपछि त्यो तथ्यांक ज्याभस्क्याला विश्वविद्यालयमा पठाइन्छ। त्यहाँ जहाँ यसलाई शिक्षक सर्वेक्षणबाट प्राप्त जानकारीसँग मिलाइन्छ। शिक्षक सर्वेक्षणले शिक्षक र तिनका समूहको पठन सत्रहरूको बारेमा जानकारी संकलन गर्दछ। मिलाइएको तथ्यांक तथ्यांक विभाग फिनल्याण्डमा पठाइन्छ। त्यहाँ सम्पूर्ण तथ्यांकलाई प्रत्येक बच्चाको दर्ता तथ्यांकसँग मिलाइन्छ। त्यसपछि बालबालिकाको प्रत्यक्ष परिचय खुल्ने जानकारी हटाइने छ। ज्याभस्क्याला विश्वविद्यालयले अनुसन्धान समूहका लागि तथ्यांकको प्रशोधन गर्दछ। यसरी प्रशोधन गर्दा कुनै पनि व्यक्तिगत बालबालिका, शिक्षक, बालबालिकाका समूह वा स्थानहरू पहिचान नखुलोस् भन्ने बारेमा सगज होइन्छ। तपाईं व्यक्तिगत तथ्यांकको प्रशोधनसम्बन्धी विस्तृत विवरण यहाँ पाउन सक्नुहुन्छ।

तथ्यांक सधैं सुरक्षित रूपमा स्थानान्तरण र प्रशोधन गरिन्छ।

5. तपाईं थप जान्न चाहनुहुन्छ?

तपाईंसँग कुनै प्रश्नहरू छन् वा तपाईं अध्ययनको बारेमा थप जानकारी चाहनुहुन्छ भने कृपया lukiva@jyu.fi वा vare.tptutkimus@hel.fi मा इमेल गर्नुहोस्।

6. गोपनीयताको सुरक्षा र तपाईंका अधिकारहरू

तपाईंको बच्चाको व्यक्तिगत तथ्यांक पूर्ण गोपनीयताका साथ प्रशोधन गरिने छ। अधिकृत अनुसन्धानकर्ताहरूसँग मात्र अनुसन्धान तथ्यांकको पहुँच हुने छ। संकलित तथ्यांक र सो तथ्यांक कसरी प्रशोधन र भण्डारण गरिन्छ भन्ने कुरा गोपनीयता नीतिमा वर्णन गरिएको हुन्छ। गोपनीयता नीति www.educaflagship.fi/lukiva-tietosuojailmoitus उपलब्ध छ।

7. अध्ययनमा सहभागिता

अध्ययनमा बालबालिकाको सहभागिता पूर्ण रूपमा स्वैच्छिक हुन्छ। व्यक्तिगत तथ्यांकको प्रशोधन वैज्ञानिक अनुसन्धान र शिक्षाको वैधानिक गुणस्तर मूल्यांकनमा आधारित हुन्छ। आमाबाबु वा अभिभावकले आफ्नो बच्चालाई सहभागी गराउने सहमति दिनैपर्छ भन्ने छैन। तर उनीहरूले कुनै कारण नदिइकन छुट्टै सूचना दिएर आफ्नो बच्चाको सहभागिता अस्वीकार गर्न सक्छन् र यसले कुनै नकारात्मक असर गर्ने छैन।

तपाईंले आफ्नो बच्चालाई सर्वेक्षणमा भाग लिन अनुमति दिनुहुन्न भने, डे-केयर सेन्टर वा पूर्व-प्राथमिक शिक्षा स्थानको निर्देशकलाई सम्पर्क गर्नुहोस् र आफ्नो बच्चाको नाम र समूहको नामको बारेमा जानकारी दिनुहोस्। डे-केयर सेन्टर वा पूर्व-प्राथमिक शिक्षा इकाईको निर्देशकले यो जानकारी vare.tptutkimus@hel.fi मा पठाउने छन्।